लेखापरीक्षण बुलेटिन

महालेखापरीक्षकको कार्यालयको प्रकाशन

वर्ष ७, अंक २५, २०८० चैत्र (Year 7, Issue 25, Mar/Apr - 2024)

महालेखापरीक्षकको कार्यालय



यस भित्र.....

क्र.सं.	शीर्षक	पृष्ठ संख्या
१	कार्यवाहक महालेखापरीक्षक र विश्व बैंकका प्रतिनिधि मण्डलबीच शिष्टाचार भेट	३
२	एसियाली विकास बैंकका निर्देशक र कार्यवाहक महालेखापरीक्षकबीच एक समझदारीपत्रमा हस्ताक्षर	६
३	CAG's Internatinal Conference on Strenthening of Grass-Roots Democracy and Accountability कार्यक्रममा सहभागिता	८
४	२१औँ सल्लाहकार समितिको बैठक सम्पन्न	९
५	IMF टिम र कार्यवाहक महालेखापरीक्षकबीच शिष्टाचार भेटवार्ता	११
६	कार्यवाहक महालेखापरीक्षकको स्वागत	१२

वर्ष ७, अंक २५, २०८० चैत्र (Year 7, Issue 25 Mar/Apr - 2024)

संरक्षक
कार्यवाहक महालेखापरीक्षक
श्री बामदेव शर्मा अधिकारी

सल्लाहकार
उप-महालेखापरीक्षक
श्री विन्दु विष्ट

सम्पादक मण्डल
संयोजक
नायब महालेखापरीक्षक
श्री बैकुण्ठ बहादुर अधिकारी

सदस्य
निर्देशक
श्री टीकानाथ अर्याल
श्री रमेश सुवेदी
लेखापरीक्षण अधिकारी
श्री केवल बडाल

लेआउट/डिजाईन
श्री अनिल कुमार दहित

प्रकाशक
महालेखापरीक्षकको कार्यालय
अनामनगर/बबरमहल, काठमाडौं।
फोन नं. ०१-४७७१२७०
फ्याक्स नं. ०१-४२६८३०९
e-mail: oagnep@ntc.net.np
website: oag.gov.np

नोटिस बोर्ड नं. ६१८०१४२५३२७०

प्रवक्ता
नायब महालेखापरीक्षक
श्री श्रीकुमार राई
सम्पर्क : ९८५१३५४००७
ईमेल : aag.mgmt@oagnep.gov.np

सहायक प्रवक्ता/सूचना अधिकारी
निर्देशक
श्री रमेश सुवेदी
सम्पर्क : ९८५१३५४००६
ईमेल : dir.admin@oagnep.gov.np

सम्पादकीय

राज्य सञ्चालन प्रणालीमा संवैधानिक निकायहरूले संविधानवाद, कानुनको शासन, शक्ति पृथकीकरण तथा नियन्त्रण र सन्तुलनको सिद्धान्तलाई प्रभावकारी बनाउन भूमिका खेलेका हुन्छन्। नेपालको संविधान (२०७२) र लेखापरीक्षण ऐन, २०७५ मा नेपालका सबै सरकारी कार्यालय, तीनवटै संघीय एकाइहरू (संघ, प्रदेश र स्थानीय) को पूर्ण स्वामित्व भएको संगठित संस्था र संघीय कानुनद्वारा तोकिएका संस्था वा निकायको लेखापरीक्षण महालेखापरीक्षकको कार्यालयबाट हुने व्यवस्था छ। संविधानत: नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेत विचार गरेर गरिने लेखापरीक्षणले सार्वजनिक खर्च गर्दा वा स्रोतको उपयोग गर्दा प्रचलित कानूनको पालना गरे/नगरेको, समयानुकूल ऐन, नियमको सुधार वा संशोधन गरे/नगरेको सम्बन्धमा निगरानीकर्ताको रूपमा कार्य गर्ने भएकोले वित्तीय अनुशासन कायम गराउन कार्यालयको महत्वपूर्ण भूमिका रहन्छ। जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वासनीय संस्था हुने दूरदृष्टि रहेको महालेखापरीक्षकको कार्यालयले स्वतन्त्रता, निष्ठा, व्यवसायिकता, पारदर्शिता र जवाफदेहिता जस्ता मूल्य मान्यताको आधारमा लेखापरीक्षण गर्ने गरेको छ।

कानुनत: लेखापरीक्षण संस्था र लेखापरीक्षक स्वतन्त्र र निष्पक्ष हुनुपर्छ। आफ्नो राय स्वतन्त्रतापूर्वक दिन सक्ने कानुनी र वित्तीय हैसियत लेखापरीक्षकले प्राप्त गर्नुपर्छ। सरकारले तोकेको निश्चित बजेट र अन्य सुविधामा भएका सीमिततालै वित्तीय स्वतन्त्रतामा चुनौती देखिए तापनि महालेखापरीक्षकलाई लेखापरीक्षण गर्न स्पष्ट संवैधानिक तथा कानुनी आधार छ।

निष्ठा लेखापरीक्षणको अर्को महत्त्वपूर्ण मूल्य/मान्यता हो। यो व्यक्तिगत तथा अन्तरहृदयभित्र गडेको नैतिकताको साथै इमान्दारिता, निष्पक्षता र सरलताको प्रतिक समेत हो। लेखापरीक्षकको पेशागत सक्षमता र व्यावसायिक आचरण सहितको अर्को मूल्य मान्यता व्यावसायिकतालाई लिइन्छ। लेखापरीक्षकले ज्ञान,सिप र अनुभवका आधारमा पेशागत सेवा दिन्छ भने व्यावसायिक प्रतिष्ठान आँच नआउने गरी आचरण र व्यवहारको अपेक्षा गर्नुपर्छ।

त्यसैगरी महालेखापरीक्षकको कार्यालयले पारदर्शितालाई महत्वपूर्ण मूल्य मान्यतामा राखेको छ। निर्णय तथा कार्यान्वयनमा खुलापनको साथै सूचनामा सहज पहुँच र सूचनाको स्वतन्त्र प्रवाह नै पारदर्शिता हो। निर्णयमा पारदर्शिताले सुशासनलाई प्रवर्द्धन गर्दछ भने गोपनीयताले जालसाजी तथा गल्ती (Fraud and Error) बढाउनसक्ने जोखिम रहन्छ।

सार्वजनिक जवाफदेहिता सार्वजनिक पदमा आसीन व्यक्तिबाट सम्पादित काम, कर्तव्य र जिम्मेवारी निर्वाह गर्दा भए, गरेका काम र निर्णयका बारेमा सरोकारवालालाई जानकारी गराउनु वा जवाफ दिनु हो। सुशासन प्रवर्द्धन गर्ने सवालमा जवाफदेहिता एउटा मानक भएकाले यो तत्त्व लेखापरीक्षणको महत्वपूर्ण मूल्य/मान्यतामा रहेको छ।

महालेखापरीक्षकको कार्यालयले लेखापरीक्षणको क्रममा प्रवेश बैठक गरी, लेखापरीक्षणको क्षेत्र र तरिकाको जानकारी दिने, सम्बन्धित कार्यालयले सम्पादन गरेका कामको जानकारी लिने, लेखापरीक्षणको क्रममा देखिएका व्यहोरामा जिम्मेवार कर्मचारीलाई जवाफ र प्रमाण पेश गर्न लगाउने, प्रतिवेदनको मस्यौदा दिने, सम्बन्धित कार्यालय प्रमुख र अन्य कर्मचारीको रोहवरमा बहिर्गमन बैठक गरी ३५ दिने म्यादसहित प्रारम्भिक प्रतिवेदन पठाउने लगायतका लेखापरीक्षणका

कार्यवाहक महालेखापरीक्षकज्यूको सन्देश

नेपालको संविधान, लेखापरीक्षण ऐन, प्रचलित संघीय कानुन अनुसार सार्वजनिक स्रोत र साधनको कुशल उपयोग भएको छ, छैन र यसमा सुधारका पक्षहरु छ कि छैनन् भनी मुल्यांकन गर्ने संवैधानिक जिम्मेवारी महालेखापरीक्षकको रहेको छ।

नेपालको संविधानको धारा २८४(३) मा संवैधानिक निकायका कुनै प्रमुख वा पदाधिकारीको पद रिक्त हुनु भन्दा एक महिना अगावै संविधान बमोजिम नियुक्तिको सिफारिस हुनु पर्नेमा २०८०।२।८ मा महालेखापरीक्षकको पद रिक्त समयमा महालेखापरीक्षकको नियुक्ति नहुँदा कार्यवाहक महालेखापरीक्षकबाट नेतृत्व लिने अभ्यास अनुसार वार्षिक लेखापरिक्षण योजना अनुरुप लेखापरीक्षण सम्पन्न गरी वार्षिक नीति तथा लेखापरीक्षण कार्य योजना अनुसार चैत्र मसान्त भित्र वार्षिक प्रतिवेदन तयारी गरी सम्माननीय राष्ट्रपति समक्ष पेश गर्ने गरी कार्य सञ्चालन भइरहेको छ।

यसै सन्दर्भमा संवैधानिक परिषदको सिफारिस भई महालेखापरीक्षकको कार्यालयले नयाँ नेतृत्व छिटै पाउने अवसर प्राप्त भएको छ।

लेखापरीक्षणले प्रचिलित कानून बमोजिम लेखापरीक्षण गर्ने, सरकारी कोषको हिनामिना तथा हानि नोक्सानीको अवस्थाको जानकारी लिने एवं वार्षिक प्रतिवेदन मार्फत कानुनी प्रबन्ध गर्नुपर्ने विषयहरु लगायतको सम्बन्धमा संसदलाई जानकारी गराउँदै सार्वजनिक स्रोत/साधनको कुशल परिचालन भए नभएको परीक्षण मार्फत जानकारी गराउने जिम्मेवारी पुरा गरी ६० वटा वार्षिक प्रतिवेदन पेश गरी सकिएको छ। महालेखापरीक्षकको वार्षिक प्रतिवेदनमा औंल्याइएका विषयहरु सम्बन्धमा समयमा छलफल नहुँदा राज्यले दूरगामी रुपमा असर पर्ने देखिन्छ।

कार्यवाहक महालेखापरीक्षक र विश्व बैंकका प्रतिनिधि मण्डलबीच शिष्टाचार भेट

९ चैत्र, २०८०

कार्यवाहक महालेखापरीक्षक श्री बामदेव शर्मा अधिकारी र World Bank Group का Vice President and Controller Ms. Pamela D. O'Connell बीच शिष्टाचार भेट भएको छ। सो अवसरमा विश्व बैंकको सहयोगमा सञ्चालित आयोजनाको लेखापरीक्षण तथा महालेखापरीक्षकको कार्यालयको क्षमता विकास सम्बन्धमा छलफल सम्पन्न भयो। सो अवसरमा कार्यवाहक महालेखापरीक्षकज्यूले विश्व बैंकले नेपालको आर्थिक विकासमा गर्दै आएको सहयोग र महालेखापरीक्षकको कार्यालयको कार्यप्रणालीलाई प्रविधिमैत्री बनाउन तथा लेखापरीक्षकको क्षमता अभिवृद्धिमा समेत सहयोग पुगेको व्यहोरा उल्लेख गर्दै सो को लागि धन्यवाद व्यक्त गर्नुभयो। त्यसैगरी बैंकका Vice president and Controller Ms. Pamela D. O'Connell ले बैंकको सहयोगमा सञ्चालित आयोजनाको लेखापरीक्षण समयमै सम्पन्न गर्न महालेखापरीक्षकको कार्यालयको महत्वपूर्ण भूमिका रहेको तथा यस कार्यालयको क्षमता विकास कार्यक्रमले सकारात्मक नतिजा हासिल भएकोमा खुशी व्यक्त गर्दै भविष्यमा समेत निरन्तर सहयोग र सहकार्य रहिरहने विचार व्यक्त गर्नुभयो।

उक्त अवसरमा उपमहालेखापरीक्षक श्री बिन्दु बिष्टले भ्रमण टोलीलाई मायाको चिनो प्रदान गर्नुभयो भने उपमहालेखापरीक्षक श्री पदमराज पौडेलले भ्रमण टोलीलाई स्वागत गर्दै विश्व बैंकले भौतिक तथा सामाजिक पूर्वाधार विकासमा पुर्‍याएको सहयोगको चर्चा गर्नुभयो। कार्यक्रममा नायब महालेखापरीक्षक श्री चन्द्रकान्त भण्डारीले महालेखापरीक्षकको कार्यालयको कार्यप्रणाली, विश्व बैंकको सहयोगमा सञ्चालित कार्यक्रमको उपलब्धि तथा चुनौती सम्बन्धमा प्रस्तुतीकरण गर्नुभएको थियो।



कार्यवाहक महालेखापरीक्षक श्री बामदेव शर्मा अधिकारीज्यू र World Bank Group Vice President and Controller Ms. Pamela D. O'Connell बीच शिष्टाचार भेटघाट।



कार्यवाहक महालेखापरीक्षक श्री बामदेव शर्मा अधिकारीज्यू र World Bank Group Vice President and Controller Ms. Pamela D. O'Connell बीच शिष्टाचार भेटघाट पश्चात् World Bank को टोली तथा उपमहालेखापरीक्षकद्वय श्री बिन्दु बिष्टज्यू, श्री पदमराज पौडेलज्यू, नायब महालेखापरीक्षक श्री बैकुण्ठ बहादुर अधिकारी तथा निर्देशक सहितको सामूहिक तस्वीर।

पूर्व सांसद मञ्च, नेपालका प्रतिनिधि र कार्यवाहक महालेखापरीक्षकबीच छलफल

८ चैत्र, २०८०

महालेखापरीक्षकको कार्यालयमा पूर्व सांसद मञ्च, नेपालका प्रतिनिधिहरू र कार्यवाहक महालेखापरीक्षकबीच भेटघाट सम्पन्न भएको छ। सो अवसरमा मञ्चका सचिव डा. रमेश थापाका उपस्थित हुनु भएको थियो। भेटको अवसरमा वहाँहरुले कानुन मन्त्रालयबाट मञ्च सञ्चालनको लागि प्राप्त भएको रकमको सम्बन्धमा महालेखापरीक्षकको कार्यालयबाट लेखापरीक्षण प्रतिवेदनमा औंल्याइका विषयहरुका सम्बन्धमा आफ्नो धारणा राख्नु भयो। सोही अवसरमा कार्यवाहक महालेखापरीक्षक श्री बामदेव शर्मा अधिकारीले संसदको सार्वजनिक लेखा समितिबाट औंल्याइएका विषयमा जानकारी गराउनु भएको थियो। महालेखापरीक्षकको कार्यालय र पूर्व सांसद मञ्चले सहकार्य गर्दै मुलुकको आर्थिक अनुशासनमा पर्ने विषयको सन्दर्भमा छलफल भएको थियो।



पूर्व सांसद मञ्चका पदाधिकारीज्यूबाट कार्यबाहक महालेखापरीक्षक श्री बामदेव शर्माज्यूसँगको भेटघाट र अन्तरक्रिया पश्चात् उपमहालेखापरीक्षकद्वय श्री बिन्दु बिष्टज्यू, श्री पदमराज पौडेज्यू लगायत निर्देशकसहितको सामूहिक तस्वीर।

सम्पादकीय...

माध्यमबाट प्रत्येक तहमा लेखापरीक्षक तथा लेखापरीक्षण गरिने निकायका तर्फबाट दोहोरो जवाफदेहिताको साथै पारदर्शिता समेतलाई थप प्रवर्द्धन गर्ने प्रयास गरिएको हुन्छ ।

लेखापरीक्षणका नवीनतम् मूल्य मान्यतालाई प्रवर्द्धन गर्दै लेखापरीक्षण सम्बन्धी विभिन्न घोषणा, सिद्धान्त, मानदण्ड, मार्गदर्शन, (INTOSAI Framework of Professional Pronouncement(IFPP) लगायतलाई आन्तरिकीकरण गरी कार्यान्वयनमा आएको Nepal Audit Management System (NAMS) लाई थप प्रभावकारी बनाई नेपाल सरकारका वित्तीय व्यवस्थापनका प्रणालीहरू C-Gas, SUTRA, LMBIS, RMIS जस्ता सफ्टवेयरलाई NAMS सँग अन्तर आवद्ध गरी प्रत्येक लेखापरीक्षकलाई Access प्रदान गरी लेखापरीक्षण गरिनु अत्यावश्यक रहेको छ ।

भावपूर्ण श्रद्धाञ्जली
एवं
हार्दिक समवेदना



जन्म:
वि.सं.
२०१३ आषाढ १८

स्वर्गारोहण:
वि.सं.
२०८० असोज २९

स्व. मना जैशी

यस कार्यालयका अधीक्षक श्री दिपकराज खनालज्यूका पूजनीय माता मना जैशीको असामयिक स्वर्गारोहण भएकोमा दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै सम्पूर्ण शोकसन्तप्त परिवारप्रति हार्दिक एवम् भावपूर्ण समवेदना प्रकट गर्दछौं । यस दुःखद घडीमा सबैमा धैर्यधारण गर्ने सक्ने शक्ति प्रदान गरुन् भनी ईश्वरसँग प्रार्थना गर्दैछौं ।

महालेखापरीक्षकको कार्यालय परिवार
२०८०।०६।२९

उद्योगी/व्यवसायी संस्थाका प्रतिनिधिबाट कार्यवाहक महालेखापरीक्षक श्री वामदेशव शर्मा अधिकारी समक्ष समसामयिक आर्थिक गतिविधि सम्बन्धमा शिष्टाचार भेट

१ चैत्र, २०८०

यस कार्यालयमा कार्यवाहक महालेखापरीक्षक श्री वामदेव शर्मा अधिकारी समक्ष नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल च्याम्बर अफ कमर्श तथा नेपाल उद्योग परिसंघका प्रतिनिधिले भेट गरी छलफल गर्नु भयो। सो कार्यक्रममा उपमहालेखापरीक्षक श्री विन्दु विष्ट र श्री पदमराज पौडेल, नायब महालेखापरीक्षक एवं व्यवस्थापन निर्देशनालयका निर्देशकको समेत उपस्थिति रहेको थियो ।

कार्यक्रममा उपमहालेखापरीक्षक श्री पदमराज पौडेलले स्वागत मन्तव्य राख्नुहुँदै वार्षिक लेखापरीक्षण योजना २०८० अनुसार चैत्र मसान्तसम्ममा महालेखापरीक्षकको ६१औं वार्षिक प्रतिवेदन तयार गरी नेपालको संविधान अनुसार सम्माननीय राष्ट्रपतिज्यू समक्ष तथा माननीय प्रदेश प्रमुखज्यू समक्ष पेश गर्ने कार्यक्रम रहेकोले निजी क्षेत्रले सार्वजनिक क्षेत्रका निकायसँग काम गर्दा देखिएका समस्याहरु र सो को समाधानमा आवश्यक सुझावहरुलाई लिई प्रतिवेदनमा औंल्याउनको लागि यो छलफल कार्यक्रम आयोजना भएको जानकारी गराउनु भयो।

सो अवसरमा निजीक्षेत्रको ३ वटै संगठनका प्रतिनिधिहरूले देशमा लगानीमैत्री वातावरण सिर्जना हुन सके मात्र विदेशी लगानी आकर्षण हुने, अत्यावश्क र विलासितका वस्तुको लागि मूल्य अभिवृद्धिकर फरक हुनु पर्ने, बैंक र सरकारको पैसा नागरिक तहसम्म पठाउनु पर्ने, साना तथा मझौला व्यावसायी र स्टार्टप व्यावसायलाई सहज कर्जा उपलब्ध हुनु पर्ने, पुँजीगतलाभ कर स्पष्ट हुनु पर्ने, कर कानुन भूतप्रभावी हुन नहुने जस्ता विषयमा आफ्नो विचार राख्नु भएको थियो ।

सो अवसरमा कार्यवाहक महालेखापरीक्षक श्री वामदेव शर्मा अधिकारीले निजीक्षेत्रको व्यावसायिक संगठनबाट प्राप्त रचनात्मक सुझाव र सल्लाहको कार्यान्वयन गर्न प्रतिवेदनमा समावेश गरिने तथा संविधान र राज्यका नीति अनुसार नतिजा हासिल गर्न निजी क्षेत्रले उच्च मनोवल कायम गर्नु पर्ने आवश्यकता बारेमा उल्लेख गर्नु भयो। राज्यका हरेक निकाय जवाफदेही र पारदर्शी भई आर्थिक अनुशासनको बढोत्तरीबाट मात्र अपेक्षित नतिजा हासिलमा सहयोग पुग्ने विचार व्यक्त गर्दै रचनात्मक सुझावलाई कार्यालयले आत्मासाथ गर्ने विचार समेत व्यक्त गर्नु भयो ।



नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल उद्योग परिसंघ, नेपाल चम्बर अफ कमर्शका प्रतिनिधिबाट कार्यवाहक महालेखापरीक्षक श्री वामदेशव शर्मा अधिकारि समक्ष समसामयिक आर्थिक गतिविधि सम्बन्धमा शिष्टाचार भेट पश्चात् सामूहिक तस्बिर।

वर्ष ७, अंक २५, २०८० चैत्र (Year 7, Issue 25 Mar/Apr - 2024)

एसियाली विकास बैंकका निर्देशक र कार्यवाहक महालेखापरीक्षकबीच एक समझदारीपत्रमा हस्ताक्षर



March 4 (फाल्गुण २१) – ADB को Country director Arnold को टिम र कार्यवाहक महालेखापरीक्षक श्री बामदेव शर्माज्यू लगायत उपमहालेखापरीक्षकद्वय श्री बिन्दु बिष्ट तथा पदमराज पौडेलज्यू, साथमा नायब महालेखापरीक्षकज्यूहरू, निर्देशक तथा अन्य कर्मचारीसँगको सामूहिक तस्वीर।

२१ फागुन, २०८०

कार्यवाहक महालेखापरिक्षक श्री बामदेव शर्मा अधिकारीज्यू र एशियाली विकास बैंकका निर्देशक श्री आर्नोड काश्वाबीच शिष्टाचार भेट सम्पन्न भएको छ । सो अवसरमा उक्त बैंकको सहयोगमा सञ्चालित परियोजनाको आयोजना हिसाबको लेखापरीक्षण सम्बन्धमा दुईपक्षीय कार्यसूची (Term of Reference) मा हस्ताक्षर सम्पन्न भयो । सो अवसरमा कार्यवाहक महालेखापरीक्षकज्यूले एसियाली विकास बैंकले नेपालको आर्थिक विकासमा गर्दै आएको सहयोग र सञ्चालित आयोजनाहरूको समयमै लेखापरीक्षण लगायतको विषयमा चर्चा गर्दै हस्ताक्षर भएको कार्यसूचीले अबको दिनमा थप सहजीकरण हुने विश्वास व्यक्त गर्नुभयो । बैंकका निर्देशक श्री काश्वाले बैंकको सहयोगमा सञ्चालित आयोजनाहरूको लेखापरीक्षण महालेखापरीक्षकको कार्यालयबाट समयमै सम्पन्न हुने अपेक्षा गर्दै खरिद प्रकृया लगायतको विषयमा लेखापरीक्षकहरूको क्षमता विकास, सार्वजनिक जवाफदेहिता लगायतका विषयमा आफ्नो विचार व्यक्त गर्नुभयो । उक्त कार्यक्रममा उपमहालेखापरीक्षक श्री पदमराज पौडेलज्यूले आयोजना हिसाब लेखापरीक्षण तथा प्रतिवेदन प्रणाली, लेखापरीक्षण मानदण्डको प्रयोग, लेखापरीक्षणको समयावधि र पद्धति तथा लेखापरीक्षकको क्षमता विकासमा दुई पक्षीय कार्यसूचीले थप सहयोग पुर्याउने विश्वास व्यक्त गर्नु भयो । सो अवसरका कार्यालयका उपमहालेखापरीक्षकहरु, नायब महालेखापरीक्षकहरु तथा बैंकका कर्मचारीहरुको उपस्थिति रहेको थियो ।



ADB को Country Director Arnold को टिम र कार्यवाहक महालेखापरीक्षक श्री बामदेव शर्माज्यू लगायत उपमहालेखापरीक्षकद्वय श्री बिन्दु बिष्ट तथा पदमराज पौडेलज्यू, साथमा नायब महालेखापरीक्षकज्यूहरू, निर्देशक तथा अन्य कर्मचारीसँगको सामूहिक तस्वीर।

नेपाल अडिटर्स एसोसिएसन (अडान)को छैटौं राष्ट्रिय परिषद उद्घाटन



कार्यवाहक महालेखापरीक्षक श्री वामदेश शर्मा अधिकारीज्यू साथमा अडानका पदाधिकारीहरु।

१७ फागुन, २०८०

कार्यवाहक महालेखापरीक्षक श्री बामदेव शर्मा अधिकारीज्यूले नेपाल अडिटर्स एशोसिएसन (अडान) को छैटौं राष्ट्रिय परिषद् तथा अडान जर्नलको दशौं अङ्क प्रकाशनको अवसरमा प्रमुख अतिथिको रुपमा भाग लिनु भयो । उक्त अवसरमा वहाँले पानसमा बत्ती बाली कार्यक्रमको शुभारम्भ गर्नु भएको थियो । मुलुकभर छरिएर रहेका करिब ८ हजार दर्तावाला लेखापरीक्षकहरूको साझा संस्था अडानले संगठनले मुलुकको आर्थिक विकास र सुशासनमा योगदान पुर्‍याउन लेखा व्यवसाय तथा लेखापरीक्षकहरूको क्षमता अभिवृद्धि गरी उनीहरूको हकहितको संरक्षण र सम्बर्द्धन गर्दै पेशाप्रति कर्तव्यनिष्ठ, उत्तरदायी तथा अनुशासित बनाउन महत्वपूर्ण भूमिका खेलेको विचार व्यक्त गर्नु भएको थियो

सो अवसरमा नेपाल चार्टर्ड एकाउन्टेट संस्था, नेपाल लेखामान बोर्ड, लेखापरीक्षणमान बोर्डका पदाधिकारी समेतको उपस्थिति रहेको थियो ।



नेपाल अडिटर्स एशोसिएसन (अडान) को छैटौं राष्ट्रिय परिषद् तथा अडान जर्नलको दशौं अङ्क प्रकाशनका केही झलक।

वर्ष ७, अंक २५, २०८० चैत्र (Year 7, Issue 25 Mar/Apr - 2024)

CAG's International Conference on Strenthening of Grass-Roots Democracy and Accountability कार्यक्रममा सहभागिता



CAG's International Conference on Strenthening of Grass-Roots Democracy and Accountability कार्यक्रममा सहभागी हुनुहुँदै कार्यवाहक महालेखापरीक्षकज्यू।

नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०८०।१०।२५ को निर्णय अनुसार भारतको नियन्त्रक तथा महालेखापरीक्षकको निमन्त्रणामा फेब्रुअरी २८ देखि मार्च १, २०२४ मा भारतको राजधानी नयाँदिल्लीमा भएको "CAG's International conference on strengthening of Grass -roots Democracy and Accountability" सम्बन्धी कार्यक्रममा कार्यवाहक महालेखापरीक्षक श्री बामदेव शर्मा अधिकारी र नायब महालेखापरीक्षक श्री ताराप्रसाद पाण्डे सहितको प्रतिनिधि मण्डल सहभागी हुनु भयो।

उक्त कार्यक्रममा विभिन्न ११ देशका २५ प्रतिनिधिहरुको सहभागिता रहेको थियो। भारतले स्थानीय तहको लेखापरीक्षणमा अवलम्बन गरेका नवीतम अभ्यासका बारेमा कार्यपत्र प्रस्तुत हुनुका साथै प्रतिनिधि मण्डलबाट भारतको उत्तर प्रदेश राज्यको आग्राको स्थानीय तहको अवलोकन भ्रमण समेत भएको थियो।

कार्यक्रमा सबै देशका सहभागीले स्थानीय तहको लेखापरीक्षण, कार्यमूलक लेखापरीक्षण, लेखापरीक्षणमा सरोकारवालाको सहभागिता जस्ता विषयमा आ-आफ्नो देशको अनुभवसहितको कन्ट्री पेपर प्रस्तुत गर्नु भएको थियो। नायब महालेखापरीक्षक श्री तारा प्रसाद पाण्डेले नेपालको महालेखापरीक्षकको तर्फबाट कन्ट्री पेपर प्रस्तुत गर्नु भएको थियो।

कार्यक्रममा ३ वटा theme मा Engaging stakeholders in audit process, Capacity Building र Performance Audit in Local Governments प्यानल डिस्कशन समेत आयोजना गरिएको थियो। नेपालका कार्यावाहक महालेखापरीक्षकले २ वटा theme मा पेनलिष्टको भूमिका निर्वाह गर्नु भएको थियो। सो अवसरमा वहाँले महालेखापरीक्षकको कार्यालयबाट लेखापरीक्षण प्रकृयामा सरोकारवालाको सहभागिता तथा लेखापरीक्षक एवं लेखापरीक्षण गर्ने निकायको क्षमता विकास लगायत, कार्यमूलक लेखापरीक्षणमा नागरिक सहभागिताको विषयमा सहभागीहरुलाई जानकारी गराउनु भएको थियो।

सो अवसरमा भारतका नियन्त्रक एवं महालेखापरीक्षक श्री गिरिश चन्द्र मुर्मु र कार्यवाहक महालेखापरीक्षक श्री बामदेव शर्मा अधिकारीबीच भएको शिष्टाचार भेटमा दुई कार्यालयबीच हुन गइरहेको सार्वजनिक क्षेत्रको लेखापरीक्षणमा सहकार्य गर्ने सम्बन्धी समझदारी पत्रमा हस्ताक्षर कार्यक्रम नेपालमा गर्ने निर्णय भएको थियो।

भ्रमणबाट प्राप्त अनुभव

लेखापरीक्षकको क्षमता विकासको लागि छुट्टै सुविधा सम्पन्न तालिम केन्द्र तथा विषयगत ज्ञान तथा सीपको सञ्चार आवश्यक रहेको।

१. लेखापरीक्षणमा नागरिक सहभागिताले स्थानीय तहसम्म लोकतन्त्रको लाभ हस्तान्तरण गर्न सकिने

२. अन्तर्राष्ट्रिय तथा क्षेत्रीय कार्यक्रमहरुबाट प्राप्त ज्ञान, सीप र प्रविधिको हस्तान्तरण गरी लेखापरीक्षणको गुणस्तर सुधार गर्न सकिने।

३. नेपालको महालेखापरीक्षकको कार्यालयले लेखापरीक्षणको हरेक चरणमा सरोकारवालासँगको सहभागिता सुनिश्चित गराउन सकिने।



CAG's International Conference on Strenthening of Grass-Roots Democracy and Accountability कार्यक्रम पश्चात् लिइएको सामूहिक तस्वीर।

२१औं सल्लाहकार समितिको बैठक सम्पन्न

११ फाल्गुण, २०८०

महालेखापरीक्षकको ६१औं वार्षिक प्रतिवेदन तयारी लगायतका विषयमा सल्लाहकार समितिको बैठक सम्पन्न भयो। उक्त अवसरमा कार्यवाहक महालेखापरीक्षकज्यू श्री बामदेव शर्मा अधिकारीज्यू, उपमहालेखापरीक्षकज्यूहरू, नायव महालेखापरीक्षकज्यूहरू, सल्लाहकार समितिका सदस्यहरू लगायत अन्य कर्मचारीको उपस्थिति रहेको थियो।

बैठकमा कार्यवाहक महालेखापरीक्षक श्री बामदेव शर्मा अधिकारीज्यूले सल्लाहकार समितिबाट प्राप्त रचनात्मक सुझावहरू समावेश गरी समयमा नै वार्षिक प्रतिवेदन जारी गर्ने सम्बन्धमा महालेखापरिक्षकको कार्यालय प्रतिबद्ध रहेको तथा क्षेत्रगत रूपमा समेत कार्यालयले समितिबाट प्राप्त रचनात्मक सुझाव र सल्लाहको कार्यान्वयन गर्दै जाने व्यहोरा व्यक्त गर्नुका साथै लेखापरीक्षण सल्लाहकार समितिसँग समन्वय र सहकार्य गरी नेपालको संविधान तथा लेखापरीक्षण ऐन,२०७५ बमोजिम तीनै तहका सरकार समक्ष प्रतिवेदन जारी गर्न कार्यालय प्रतिवद्ध रहेको व्यहोरा व्यक्त गर्नुभएको थियो।

सो अवसरमा उपमहालेखापरीक्षक श्री पदमराज पौड्देलज्यूले वार्षिक लेखापरीक्षण योजना २०८० अनुसार हालसम्मको प्रगति तथा कार्यालयले संघ,प्रदेश र स्थानीय सरकारसँग गरेको अन्तरक्रिया तथा अन्तराष्ट्रिय सर्वोच्च लेखापरीक्षण सँस्थासँगको सम्बन्ध तथा क्षमता विकास कार्यक्रम लगायतका विषयमा जानकरी गराउनुका साथै प्रतिवेदनमा समावेश गर्नुपर्ने विषय तथा क्षेत्रहरू, सरकारलाई सुझाव दिने विषय र सर्वोच्च लेखापरिक्षण संस्थाको स्वतन्त्रता सम्बन्धमा उल्लेख गर्नुभएको थियो। त्यसैगरी समितिका सदस्यहरूबाट आगामी प्रतिवेदन तयारीका लागि सुझाव प्रदान गर्नुभयो।



एकसठी (६१) औं वार्षिक प्रतिवेदनको तयारीका लागि कार्यवाहक महालेखापरीक्षक बामदेव शर्माज्यू लगायत सल्लाहकार समितिका पदाधिकारीको सामूहिक छलफल तथा अन्तरक्रिया कार्यक्रमको तस्वीर।

निर्माण व्यवसायीसँग छलफल



कार्यवाहक महालेखापरीक्षक श्री बामदेव शर्मा अधिकारी, उप महालेखापरीक्षक श्री बिन्दु बिष्ट एवं निर्माण व्यवसायीका पदाधिकारीहरु ।

२६ माघ, २०८०

नेपाल निर्माण व्यवसायी महासंघका अध्यक्ष रवि सिंह सहितको प्रतिनिधिहरूबाट कार्यवाहक महालेखापरीक्षक श्री बामदेव शर्मा अधिकारीज्यू समक्ष शिष्टाचार भेट सम्पन्न भयो। उक्त कार्यक्रममा उपमहालेखापरीक्षक श्री विन्दु विष्ट, नायव महालेखापरीक्षकज्यूहरु, पूर्वधार लेखापरीक्षण विभागका निर्देशकज्यूहरु लगायत अन्य कर्मचारीहरूको उपस्थिति रहेको थियो।

उक्त कार्यक्रममा निर्माण व्यावसायीहरुले निर्माण व्यावसायका विद्यमान समस्याहरुको सम्बन्धमा ९ वटा बुदामा निवेदन पेश गरी वर्तमान अवस्थाको बारेमा छलफल भएको थियो। सो कार्यक्रममा लेखापरीक्षणको क्रममा यस कार्यालयबाट कायम भएको बेरूजुको आधार तथा त्यसको प्रकृयाका बारेमा महासंघको अध्यक्ष श्री सिंहले महासंघको धारणा राख्नु भएको थियो। लेखापरीक्षणमा खटिनु भएका निर्देशकहरुले निर्माण व्यावसायको लेखापरीक्षणको क्रममा स्थलगगत भ्रमणमा देखिएको विषय र कागजातको अध्ययनबाट देखिएको विषयमा जानकारी गराउनु भएको थियो।

उपमहालेखापरीक्षक श्री विन्दु विष्टज्यूले निर्माण व्यावसायीको क्षमता अभिबृद्धि, लेखापरीक्षकहरूको क्षमता अभिवृद्धि लगायत, निर्माण व्यावसायी, लेखापरीक्षक र लेखाउत्तरदायी अधिकृतको त्रिपक्षिय छलफलगरी हालको लेखापरीक्षणमा औल्याइएका बेरूजुको विषयमा छलफल गरी देखिएका समस्याहरुको समाधान गर्न सकिन्छ भन्नु भयो।

सो अवसरमा कार्यवाहक महालेखापरीक्षक श्री बामदेव शर्मा अधिकारीज्यूले नेपालको आर्थिक विकासमा निर्माण व्यावसायीको भूमिका र आगमी दिनमा महालेखापरीक्षकको कार्यालय र लेखाउत्तरदायी अधिकृतसँगको छलफल तथा अन्तरक्रिया एवं लेखापरीक्षणमा खटिइने कर्मचारीहरूको क्षमता विकासको कार्यक्रम सम्बन्धमा विचार व्यक्त गर्दै नेपालको प्रचलित कानून बमोजिम समन्वय र सहकार्य गरिने विषयमा धारणा राख्नु भएको थियो ।



कार्यवाहक महालेखापरीक्षक, कार्यालयका कर्मचारीहरु तथा निर्माण व्यावसायीहरुको सामूहिक तस्वीर।

IMF टिम र कार्यवाहक महालेखापरीक्षक बीच शिष्टाचार भेटवार्ता

२२ माघ, २०८०

अन्तराष्ट्रिय मुद्राकोष (IMF) का मिशन प्रमुख Mr. Tidiane Kinda, आवाशिय प्रतिनिधि टेरेशा डेवुन लगायतको प्रतिनिधि मण्डलले कार्यवाहक महालेखापरीक्षक श्री बामदेव शर्मा अधिकारीज्यू समक्ष शिष्टाचार भेट सम्पन्न भएको छ । सो अवसरमा उपमहालेखापरीक्षक श्री बिन्दु बिष्ट र श्री पदमराज पौडेल, नायव महालेखापरीक्षक तथा निर्देशक लगायत अन्य कर्मचारीको उपस्थिति रहेको थियो । उक्त कार्यक्रममा नेपाल सरकारले अन्तराष्ट्रिय मुद्राकोषसँगको Extended Credit Facility Arrangement, नेपाल राष्ट्र बैंकको अन्तिम लेखापरीक्षण लगायतको विषयमा छलफल भएको थियो ।

सो अवसरमा कार्यवाहक महालेखापरीक्षक श्री बामदेव शर्मा अधिकारीज्यूले नेपालको आर्थिक विकासमा कोषको भूमिका र आगामी दिनमा महालेखापरीक्षकको कार्यालय र कोषको सहकार्यबाट कार्यालयको कर्मचारीहरूको क्षमता विकासको कार्यक्रम सम्बन्धमा विचार व्यक्त गर्दै नेपालको प्रचलित कानून बमोजिम समन्वय र सहकार्य गरिने विषयमा धारणा राख्नुभएको थियो। सो अवसरमा उपमहालेखापरीक्षक श्री पदमराज पौडेलबाट नेपाल राष्ट्र बैंक लगायतका सार्वजनिक संस्थानको लेखापरीक्षण प्रकृयाका बारेमा जानकारी गराउनुभएको थियो । यसै गरी IMF का मिशन प्रमुख Mr. Tidiane Kinda ले कर्जा सुविधाको समझदारी पत्रमा भएको व्यवस्थाको बारेमा जानकारी गराउनु भएको थियो।



अन्तर्राष्ट्रिय मुद्राकोष (IMF) का मिशन प्रमुख Mr. Tidiane Kinda सहितको प्रतिनिधि मण्डलबाट कार्यवाहक महालेखापरीक्षक श्री बामदेव शर्माज्यू, उपमहालेखापरीक्षकद्वय श्री बिन्दु बिष्टज्यू र श्री पदमराज पौडेलसहित अन्य कर्मचारीसँग भेटघाट तथा छलफल पश्चात् सामूहिक तस्वीर।

भावपूर्ण श्रद्धाञ्जली एवं हार्दिक समवेदना



जन्म:
वि.सं.
२०३४ ज्येष्ठ १५

स्वर्गारोहण:
वि.सं.
२०८० चैत्र २२

स्व. भौनी चौधरी

यस कार्यालयका कार्यालय सहयोगी श्री मिनु चौधरीज्यूका पूजनीय माता भौनी चौधरीको असामयिक स्वर्गारोहण भएकोमा दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै सम्पूर्ण शोकसन्तप्त परिवारप्रति हार्दिक एवम् भावपूर्ण समवेदना प्रकट गर्दछौं । यस दुःखद घडीमा सबैमा धैर्यधारण गर्न सक्ने शक्ति प्रदान गरुन् भनी ईश्वरसँग प्रार्थना गर्दैछौं ।

महालेखापरीक्षकको कार्यालय परिवार
२०८०।१२।२२

भावपूर्ण श्रद्धाञ्जली एवं हार्दिक समवेदना



जन्म:
वि.सं.
१९८९ माघ १५

स्वर्गारोहण:
वि.सं.
२०८० फागुन २५

स्व. लिल बहादुर थापा

यस कार्यालयका लेखापरीक्षण अधिकारी श्री तिर्सना गोदारज्यूका ससुरा बुबा लिल बहादुर थापाको असामयिक स्वर्गारोहण भएकोमा दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै सम्पूर्ण शोकसन्तप्त परिवारप्रति हार्दिक एवम् भावपूर्ण समवेदना प्रकट गर्दछौं । यस दुःखद घडीमा सबैमा धैर्यधारण गर्ने सक्ने शक्ति प्रदान गरुन् भनी ईश्वरसँग प्रार्थना गर्दैछौं ।

महालेखापरीक्षकको कार्यालय परिवार
२०८०।११।२५

वर्ष ७, अंक २५, २०८० चैत्र (Year 7, Issue 25 Mar/Apr - 2024)

कार्यवाहक महालेखापरीक्षकको स्वागत



कार्यवाहक महालेखापरीक्षकको पदमा पदबहाली गर्नुहुँदै उप महालेखापरीक्षक श्री वामदेव शर्मा अधिकारीज्यू।

१२ माघ, २०८०

सम्बत् २०५२ सालमा महालेखापरीक्षकको कार्यालयमा सेवा प्रवेश गर्नु भएका उप महालेखापरीक्षक श्री वामदेव शर्मा अधिकारीले संवैधानिक निकायको पदाधिकारीहरु सेवा शर्त र सुविधा सम्बन्धी ऐन, २०५३ को दफा २० अनुसार २०८०।१०।१२ मा कार्यवाहक महालेखापरीक्षकको पदमा जिम्मेवारी सम्हाल्नु भयो। यसै अवसरमा कार्यालयमा वहाँको स्वागत गरिएको छ। यस आर्थिक वर्षको लेखापरीक्षण योजना एक जना कार्यवाहक महालेखापरीक्षकबाट स्वीकृत भयो भने लेखापरीक्षणको कार्यान्वयन कार्यवाहक महालेखापरीक्षक श्री महेश्वर काफ्लेबाट भयो। कार्यालयले वार्षिक प्रतिवेदन तयारी गर्ने अवसर कार्यवाहक महालेखापरीक्षक श्री वामदेव शर्मा अधिकारीलाई प्राप्त भएको छ। स्वागत कार्यक्रममा वहाँले बाँकी रहेको लेखापरीक्षण समयमा नै सम्पन्न गर्ने, सम्पन्न भएका कार्यालयहरुको प्रारम्भिक प्रतिवेदन माघ मसान्त सम्म जारी गर्ने, फागुन १ गते देखि वार्षिक प्रतिवेदन तयारीमा लाग्नु पर्ने विचार व्यक्त गर्दै सबै कर्मचारीहरुलाई समयमा नै लेखापरीक्षण सम्पन्न गरी गठित समितिहरुले वाचन तथा सम्पादन सम्बन्धी कार्यमा लाग्नु बताउनु भयो। उक्त कार्यक्रममा व्यवस्थापन महानिर्देशनालयबाट कार्यक्रम संचालन भएको थियो। सो अवसरमा सबै कर्मचारीहरुबाट कार्यवाहक महालेखापरीक्षक श्री वामदेव शर्मा अधिकारीज्यू सफल कार्याकालको शुभकामना व्यक्त गर्नु भएको थियो।



कार्यवाहक महालेखापरीक्षकजयूको पदबहाली पश्चात् लिइएको सामूहिक तस्बिर।

वर्ष ७, अंक २५, २०८० चैत्र (Year 7, Issue 25 Mar/Apr - 2024)

कार्यवाहक महालेखापरीक्षकको बिदाई



बिदाइ हुन लाग्नु भएका कार्यवाहक महालेखापरिक्षक श्री महेश्वर काफ्लेज्यू, पदवहाली गर्न लाग्नु भएका कार्यवाहक महालेखापरीक्षक श्री वामदेव शर्मा अधिकारीज्यू, उपमहालेखापरीक्षक श्री बिन्दु बिष्टज्यू र नायब महालेखापरीक्षक श्री पशुपति कुमार काफ्ले।

१२ माघ, २०८०

२०८० साल श्रावण १८ गते देखि कार्यवाहक महालेखापरीक्षकको रुपमा कार्यरत कार्यवाहक महालेखापरीक्षक श्री महेश्वर काफ्ले मिति २०८०।१०।१२ गते बाट सेवा निवृत्त हुनु भयो। वहाले २०४४ सालमा निजामती सेवामा प्रवेश गर्नु भई २०५१ सालमा लेखापरीक्षण सेवामा प्रवेश गरी २९ वर्ष यस कार्यालयमा सेवा गरी सेवा निवृत्त हुनु भएको कार्यवाहक महालेखापरीक्षकज्यूको विदाई एवं संवैधानिक निकायको सेवा शर्त र सुविधा सम्बन्धी ऐन, २०५३ को दफा २० अनुसार वरिष्ठ उप-महालेखापरीक्षकलाई कार्यवाहक महालेखापरीक्षक भई कार्य सम्पादन गर्ने व्यवस्था अनुसार उप-महालेखापरीक्षक श्री वामदेव शर्मा अधिकारीलाई पत्र हस्तान्तरण गर्नु भयो ।

सो कार्यक्रममा कार्यालयको तर्फबाट सेवा निवृत्त हुन लाग्नु भएका कार्यवाहक महालेखापरीक्षक श्री महेश्वर काफ्लेज्यूलाई उप महालेखापरीक्षक श्री अधिकारीज्यूले मायाँको चिनो प्रदान गर्नु भएको थियो । महालेखापरीक्षकको कार्यालयमा सक्रिय ट्रेड युनियन विभागीय समितिको तर्फबाट समेत कार्यवाहक महालेखापरीक्षकज्यूलाई मायाँको चिनो प्रदान गर्नु भएको थियो ।

सो अवसरमा कार्यवाहक महालेखापरीक्षक श्री महेश्वर काफ्लेज्यूले कार्यालयको समग्र अवस्था, वाह्य निकायको कार्यालय प्रतिको धारणा एवं कार्यालयले सबै तहका सरकार एवं सरोकारवाला निकायसँगको निरन्तर सहकार्य र समन्वय, कार्यालयको स्वतन्त्रता र मूल्य एवं मान्यतालाई आत्मसात् गर्दै कार्य सम्पादन गर्नुहुने छ भन्ने विश्वास व्यक्त गर्नु भयो।

यसै अवसरमा कार्यवाहक महालेखापरीक्षक श्री महेश्वर काफ्लेज्यूले माघ १३ गतेदेखि कार्यवाहक महालेखापरीक्षकको जिम्मेवारी सम्हाल्न भएकोमा उप-महालेखापरीक्षक श्री अधिकारीज्यूलाई सफल कार्यकालको शुभ-कामना व्यक्त गर्नु भयो ।



कार्यवाहक महालेखापरीक्षक श्री महेश्वर काफ्लेज्यूको बिदाई पश्चात् लिइएको सामूहिक तस्बिर।

वर्ष ७, अंक २५, २०८० चैत्र (Year 7, Issue 25 Mar/Apr - 2024)

पदोन्नति हुनु भएका नायब महालेखापरीक्षकहरूलाई बधाई तथा स्वागत



निर्देशक पदबाट नायब महालेखापरीक्षकको पदमा पदोन्नति हुनुभएका श्री पशुपतिकुमार काफ्ले, श्री घनश्याम काफ्ले तथा श्री रामप्रसाद उपाध्याय साथमा उपमहालेखापरीक्षक श्री विन्दु विष्ट ।

९ माघ, २०८०

उपमहालेखापरीक्षक श्री विन्दु विष्टज्यूले नायब महालेखापरीक्षक पदमा पदोन्नति हुनु भएका श्री पशुपतिकुमार काफ्ले, श्री रामप्रसाद उपाध्याय, श्री धनश्याम काफ्लेलाई बधाई तथा स्वागत गर्नु भयो। सो अवसरमा कार्यालय नायब महालेखापरीक्षकज्यूहरु तथा व्यवस्थापन महानिर्देशनालयका कर्मचारीहरुको उपस्थिति रहेको थियो। उपमहालेखापरीक्षक विन्दु विष्टले पदोन्तन्ति हुनु भएका सबै नायब महालेखापरीक्षकज्यूहरुलाई सफल कार्यकालको शुभकामना समेत व्यक्त गर्नु भयो।



कार्यालयमा निर्देशक पदबाट नायब महालेखापरीक्षकको पदमा पदोन्नति हुनुभएका श्री पशुपतिकुमार काफ्ले, श्री घनश्याम काफ्ले तथा श्री रामप्रसाद उपाध्यायई उपमहालेखापरीक्षक श्री बिन्दु बिष्ट लगायत नायब महालेखापरीक्षकज्यूहरू सहित अन्य कर्मचारीबाट बधाई तथा स्वागत पश्चात् सामूहिक तस्वीर ।

कार्यवाहक महालेखापरीक्षक सहितको टोलीबाट सम्माननीय सभामुखसँग भेटघाट



सम्माननीय सभामुख श्री देवराज घिमिरेज्यूलाई मायाँको चिनो प्रदान गर्नुहुँदै कार्यवाहक महालेखापरीक्षक श्री महेश्वर काफ्लेज्यू।

८ माघ, २०८०

सम्माननीय सभामुख श्री देवराज घिमिरेज्यू समक्ष कार्यवाहक महालेखापरीक्षक श्री महेश्वर काफ्ले, उपमहालेखापरीक्षक श्री विन्दु विष्ट, नायब महालेखापरीक्षक श्री बैकुण्ठ बहादुर अधिकारी, नायब महालेखापरीक्षक श्री श्रीकुमार राई र निर्देशक श्री रमेश सुबेदी सहितको टोलीले महालेखापरीक्षकको ६१ औं वार्षिक प्रतिवेदनको तयारी एवं सम्परीक्षण सम्बन्धी विषयमा जानकारी गराउनु भएको छ। सो अवसरमा उपमहालेखापरीक्षक श्री विन्दु विष्टले लेखापरीक्षण प्रतिवेदन र महालेखापरीक्षकको वार्षिक प्रतिवेदन फरक विषय भएकोले संसदलाई जानकारी गराउनु पर्ने विषयहरु सबै वार्षिक प्रतिवेदनमा हुने तर लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका विषयहरुको सम्परीक्षण सुचारु नहुँदा असुल/फर्स्यौट गर्नुपर्ने बेरुजुको मात्रा बढ्दै गएको जानकारी गराउनु भयो। सो अवसरमा सम्मानीय सभामुखज्यूले महालेखापरीक्षकको कार्यालय, सार्वजनिक लेखासमिति, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबीच छलफल गरी बेरुजु फर्स्यौट तथा सम्परीक्षढणमा देखिएका समस्याको हल गर्नु पर्ने सबैले आ-आफ्नो क्षेत्रबाट कार्य गर्नुपर्ने विचार व्यक्त गर्नु भयो। अन्तमा कार्यवाहक महालेखापरीक्षकज्यूले आफ्नो पदावधि ११ माघ २०८० गतेबाट सम्म रहेको जानकारी गराउँदै कार्यालयको तर्फबाट वहाँलाई मायाँको चिनो प्रदान गर्नु भएको थियो।



प्रतिनिधिसभाका सम्माननीय सभामुख श्री देवराज घिमिरेज्यूसँग कार्यवाहक महालेखापरीक्षक श्री महेश्वर काफ्लेज्यू सहितको टोलीबाट छलफल पश्चातको सामूहिक तस्वीर ।

कार्यवाहक महालेखापरीक्षक श्री महेश्वर काफ्लेज्यूसँग USAID को मिसन प्रमुखको शिष्टाचार भेट

५ माघ, २०८१

US Aid Mission Team का Assistant to the Administrator Ms. Shannon Green, Special Advisor & Amp; Assistant Mr. Filip Jotevski, Mission Director, US Aid/Nepal Ms. Sepideh keyvanshad लगायतको टोली र कार्यवाहक महालेखापरीक्षक श्री महेश्वर काफ्लेविच २०८० माघ ५ मा शिष्टाचार भेट तथा छलफल कार्यक्रम सम्पन्न भएको छ। उक्त कार्यक्रममा महालेखापरीक्षकको कार्यालयबाट उपमहालेखापरीक्षक श्री बामदेव शर्मा अधिकारी, उपमहालेखापरीक्षक श्री बिन्दु बिष्ट, उपमहालेखापरीक्षक श्री पदमराज पौडेल, कार्यालयका नायब महालेखापरीक्षक एवं व्यवस्थापन निर्देशनालयका निर्देशक लगायतको उपस्थिति रहेको थियो । उक्त कार्यक्रममा कार्यवाहक महालेखापरीक्षक श्री महेश्वर काफ्लेले प्रतिनिधि मण्डललाई स्वागत गर्दै राष्ट्रिय तथा अन्तराष्ट्रिय विकास साझेदार तथा कार्यालयको साझा मूल्य र लक्ष्यबाट नै वित्तीय जवाफदेहिताको प्रभावकारी कार्यान्वयन भै अनुभूति गर्न सकिने सकारात्मक परिवर्तन आउने विचार व्यक्त गर्दै सर्वोच्च लेखापरीक्षण संस्थाको संस्थागत तथा क्षमता अभिवृद्धिका लागि US Aid को प्राविधिक सहयोग परिचालन हुने धारणा व्यक्त गर्नुभयो ।

शिष्टाचार भेट कार्यक्रममा US Aid का Ms. Shannon Green, Assistant to the Administrator ले नेपाल र अमेरिकी सरकारको ऐतिहासिक सहकार्य अझ प्रगाढ हुँदै गएको, भ्रष्टाचार नियन्त्रण गर्ने निकायबीचको सहकार्य र पारस्परिक सम्बन्धले जिम्मेवारीता र जवाफदेहिता प्रवर्द्धन हुने तथा एक आपसमा विश्वास, रहेको विचार व्यक्त गर्नुभयो।

उक्त कार्यक्रममा उपमहालेखापरीक्षक श्री बामदेव शर्मा अधिकारीले स्वागत मन्तव्य राख्दै US Aid बाट भएको सहयोग कार्यक्रमको प्रगति स्थितिको समीक्षा गर्दै आगामी कार्ययोजना समेत प्रस्तुत गर्नुभएको थियो।



कार्यवाहक महालेखापरीक्षक श्री महेश्वर काफ्लेज्यूसँग USAID को मिसन प्रमुखको शिष्टाचार भेट पश्चात् लिइएको सामूहिक तस्वीर ।

२०८० पौषदेखि चैत्रसम्म ज्येष्ठता, कार्यक्षमताको मूल्याङ्कन र आन्तरिक प्रतिस्पर्धात्मक परीक्षणबाट बढुवा नियुक्ति भएका कर्मचारिको विवरण

सि.नं.	पद	नाम	नियुक्ति मिति
१	नायब महालेखापरीक्षक	श्री पशुपति कुमार काफ्ले	२०८०।०९।२६
२	नायब महालेखापरीक्षक	श्री घनश्याम काफ्ले	२०८०।०९।२६
३	नायब महालेखापरीक्षक	श्री रामप्रसाद उपाध्याय	२०८०।०९।२६
४	निर्देशक	श्री छत्रनाथ शर्मा गैरे	२०८०।११।१३
५	निर्देशक	श्री टेक प्रसाद न्यौपाने	२०८०।११।१३
६	निर्देशक	श्री गेद शर्मा ढकाल	२०८०।११।१३
७	निर्देशक	श्री विधान अर्याल	२०८०।११।१३
८	निर्देशक	श्री डुलहरि दाहाल	२०८०।११।२६
९	निर्देशक	श्री संगिता फुयाल	२०८०।११।२६
१०	निर्देशक	श्री पिंकीकुमारी दास	२०८०।११।२६
११	निर्देशक	श्री मन्जु पन्थी	२०८०।११।२६

२०८० पौषदेखि चैत्रसम्म अवकाश भएका कर्मचारीको विवरण

सि.नं.	पद	नाम	अवकाश मिति
१	उप महालेखापरीक्षक	श्री महेश्वर काफ्ले	२०८०।१०।१२

२०८० पौषदेखि चैत्रसम्म खुला प्रतिस्पर्धात्मक परीक्षाबाट नियुक्ति भएका कर्मचारीको विवरण

सि.नं.	पद	नाम	नियुक्ति मिति
१	लेखापरीक्षण अधिकारी	श्री सन्जिव पन्थी	२०८०।११।०२
२	लेखापरीक्षण अधिकारी	श्री शशिधर भट्टराई	२०८०।११।०२
३	लेखापरीक्षण अधिकारी	श्री सुरेश लामिछाने	२०८०।११।०२
४	लेखापरीक्षण अधिकारी	श्री खगेन्द्र लम्साल	२०८०।११।०२
५	लेखापरीक्षण अधिकारी	श्री सुरेन्द्र पाण्डे	२०८०।११।०२
६	लेखापरीक्षण अधिकारी	श्री शुभराज के.सी.	२०८०।११।०२
७	लेखापरीक्षण अधिकारी	श्री माया घिमिरे	२०८०।११।०२
८	लेखापरीक्षण अधिकारी	श्री देवका तिम्सिना	२०८०।११।०२
९	लेखापरीक्षण अधिकारी	श्री अनन्त घिमिरे	२०८०।११।०२
१०	लेखापरीक्षण अधिकारी	श्री सन्दिप चोङबाङ	२०८०।११।०२
११	लेखापरीक्षण अधिकारी	श्री प्रकाश गोतामे	२०८०।११।०२
१२	लेखापरीक्षण अधिकारी	श्री विष्णु बहादुर लिम्बु	२०८०।११।०२
१३	लेखापरीक्षण अधिकारी	श्री बिपुलकुमार चौधरी	२०८०।११।०२
१४	लेखापरीक्षण अधिकारी	श्री विपिनकुमार महतो	२०८०।११।०२
१५	लेखापरीक्षण अधिकारी	श्री रतेन्द्र दास	२०८०।११।०२
१६	लेखापरीक्षण अधिकारी	श्री अमिरराज दुलाल	२०८०।११।०२
१७	लेखापरीक्षण अधिकारी	श्री बिमल कोइराला	२०८०।११।०२
१८	लेखापरीक्षण अधीक्षक	श्री अनिष गिरी	२०८०।१२।२७
१९	लेखापरीक्षण अधीक्षक	श्री रुद्र बहादुर कार्की	२०८०।१२।२७
२०	लेखापरीक्षण अधीक्षक	श्री विष्णु प्रसाद आचार्य	२०८०।१२।२७
२१	लेखापरीक्षण अधीक्षक	श्री लाल बहादुर बिष्ट	२०८०।१२।२७
२२	लेखापरीक्षण अधीक्षक	श्री कमल ज्ञवाली	२०८०।१२।२७
२३	लेखापरीक्षण अधीक्षक	श्री लबिन्द्र कुलुङ	२०८०।१२।२७
२४	लेखापरीक्षण अधीक्षक	श्री नृप बहादुर कुँवर	२०८०।१२।२७
२५	लेखापरीक्षण अधीक्षक	श्री दिपक शाही	२०८०।१२।२७
२६	लेखापरीक्षण अधीक्षक	श्री ईश्वर दहाल	२०८०।१२।२७
२७	लेखापरीक्षण अधीक्षक	श्री चन्द्रकला बस्याल	२०८०।१२।२७
२८	लेखापरीक्षण अधीक्षक	श्री प्रकाश विष्ट	२०८०।१२।२७
२९	लेखापरीक्षण अधीक्षक	श्री प्रकाश चन्द्र जोशी	२०८०।१२।२७
३०	लेखापरीक्षण अधीक्षक	श्री लक्ष्मी भण्डारी	२०८०।१२।२७
३१	लेखापरीक्षण अधीक्षक	श्री राजन राई	२०८०।१२।२७
३२	लेखापरीक्षण अधीक्षक	श्री बाल कुमार कुलुङ	२०८०।१२।२७

सि.नं.	पद	नाम	नियुक्ति मिति
३३	लेखापरीक्षण अधीक्षक	श्री स्वस्तिका भट्टराई	२०८०।१२।२७
३४	लेखापरीक्षण अधीक्षक	श्री सुजता आचार्य	२०८०।१२।२७
३५	लेखापरीक्षण अधीक्षक	श्री राकेश श्रेष्ठ	२०८०।१२।२७
३६	लेखापरीक्षण अधीक्षक	श्री सन्तोष यादव	२०८०।१२।२७
३७	लेखापरीक्षण अधीक्षक	श्री सोनिल साह	२०८०।१२।२७

२०८० पौषदेखि चैत्रसम्म अन्तर्राष्ट्रिय तालिम तथा अन्य कार्यक्रममा मनोनयन तथा सहभागिताको विवरण

सि.नं.	पद	नाम	कार्यक्रमको प्रकृति	कार्यक्रम	आयोजक	मिति
१	उप म.ले.प.	श्री पदमराज पौडेल	Workshop	Training on how to seek donar support to Audit Climate change	फिनल्याण्ड	जनवरी २३ - २५ २०२४
३	उप म.ले.प.	श्री वामदेव शर्मा अधिकारी	Conference	International Conference on Strengthening of Grass Roots Democracy and Accountability	दिल्ली, भारत	फेब्रअरी २८ - मार्च १, २०२४
४	ना. म.ले.प.	श्री तारा प्रसाद पाण्डे	Conference	International Conference on Strengthening of Grass Roots Democracy and Accountability	दिल्ली, भारत	फेब्रअरी २८ - मार्च १, २०२४
५	निर्देशक	श्री कमल श्रेष्ठ	Training	ट्रेनिङ्ग कार्यक्रम	Lahore Pakistan	Feb, 19 to March 8, 2024
६	ले. .प अधिकारी	श्री सुजाता चापागाइँ	Training	ट्रेनिङ्ग कार्यक्रम	Lahore Pakistan	Feb, 19 to March 8, 2024
७	ले. प. अधिकारी	भावना पौडेल	Training	ट्रेनिङ्ग कार्यक्रम	Lahore Pakistan	Feb, 19 to March 8, 2024
८	ले. प. अधिकारी	घनश्याम बसेल	Training	ट्रेनिङ्ग कार्यक्रम	Lahore Pakistan	Feb, 19 to March 8, 2024
९	ना.म.ले.प.	श्री चन्द्रकान्त भण्डारी	Workshop	D&D workshop II hase	Thimpu, Bhutan	22 April to 3 May, 2024
१०	निर्देशक	श्री सिर्जना रिमाल	Workshop	D&D workshop II hase	Thimpu, Bhutan	22 April to 3 May, 2024
११	ले. प. अधिकारी	श्री सिर्जना भण्डारी		कार्यमूलक लेखापरीक्षण	मलेसिया	Oct 11 to Oct 19, 2023
१२	निर्देशक	श्री दिल कुमार श्रेष्ट	Training	159th ITP on"Performance Audit"	नयाँदिल्ली, भारत	मार्च ११ - अप्रिल ५, २०२४
१३	ले. प. अधिकारी	श्री अनिता गौतम	Training	159th ITP on"Performance Audit"	नयाँदिल्ली, भारत	मार्च ११ - अप्रिल ५, २०२४
१५	निर्देशक	श्री कमल श्रेष्ठ	Master Degree	अध्ययन मनोनयन	China	सेप्टेम्वर २०२४ — सेप्टेम्वर, २०२६
१६	निर्देशक	श्री छविलाल मैनाली		Government Audit on Public Constructions Works Training (Japan/ JICA)	जापान	मे २२ - जुन १५, २०२४